लोक सेवा आयोग

दुग्ध विकास संस्थान, प्राविधिक, डे.ए.अ., चौथो, जुनियर टेक्निकल असिष्टेण्ट पदको प्रतियोगितात्मक लिखित परीक्षा

२०७५।०२।०७

KEY [D]

समय : ५० मिनेट

पूर्णाङ्क : ७०

विषय : पदसँग सम्बन्धित विषयको ज्ञान

उत्तरपुस्तिकामा प्रश्नपत्रको **KEY** अनिवार्य रूपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षामा **calculator, mobile** प्रयोग गर्न पाइनेछैन ।

Multiple Choice **35×2=70 Marks**

1. पशुबाट मानिसमा सर्ने रोग कुन हो ?
   A) गौंगोटी B) वर्डफ्लु C) वेवीसियोसिस D) टि.वी.
2. नेपालबाट कुन पशुको रोग उन्मूलन भईसकेको छ ?
   A) पि पि आर B) गौगोटी C) खोरेत D) टि.वी.
3. खोरेत रोग कुन जीवाणुको कारणबाट लाग्दछ ?
   A) ब्याक्टेरिया B) ढुसी C) भाईरस D) माथिको कुनै होइन
4. सितांग ज्वरोमा गाई भैसीहरूमा कति फरेनहाईट ज्वरो आउन सक्छ ?
   A) ९६ देखि १०० B) ११० देखि १२० C) १०० देखि १०४ D) माथिको कुनै होइन
5. 'जुनोसिस रोग' भन्नाले कस्ता रोगलाई जनाउँदछ ?
   A) पशुबाट मान्छेमा सर्ने B) पशुबाट मान्छे र मान्छेबाट पशुमा समेत सर्न सक्ने
   C) चिडियाखानामा भएका पशुहरूमा हुने रोग D) माथिको कुनै होइन
6. भुईघाँसको राजा भनेर वर्सिमलाई भनिन्छ भने डालेघाँसको राजा कस्लाई भनिन्छ ?
   A) इपिल इपिल B) वडहर C) टाँकी D) अम्लिसो
7. गाईको दुधको फ्याटमा कुन Vitamin बढी हुन्छ ?
   A) Vitamin A B) Vitamin B C) Vitamin D D) Vitamin E
8. कच्चा प्रोटिनको हिसाबले तल दिएकामध्ये सबैभन्दा उपयुक्त घाँस कुन हो ?
   A) कोसे घाँस B) अकोसे घाँस
   C) सिरू जातका घाँस D) प्राविधिकजन्य उप-पदार्थहरू
9. दुग्ध विकास संस्थान स्थापनाको मुख्य उद्देश्य कुन हो ?
   A) दुग्ध उत्पादक कृषकहरूलाई बजारको सुनिश्चितता प्रदान गर्ने
   B) दुधको उचित मूल्य उपलब्ध गराउने
   C) उपभोक्तालाई उचित मूल्यमा प्रशोधित दुधका विभिन्न परिकारहरू उपलब्ध गराउने
   D) माथिका सबै
10. नेपालको पहिलो दुग्ध उद्योग केन्द्रीय दुग्ध शाखा, लैनचौर कुन सरकारको सहयोगमा स्थापना भएको थियो ?
    A) डेनमार्क B) स्विट्जरल्याण्ड C) नेदरल्याण्ड D) न्यूजिल्याण्ड

contd.....

www.DotNepal.com

11. दुग्ध विकास संस्थानको केन्द्रीय कार्यालय कहाँ छ ?
A) लैनचौर, काठमाडौं
B) हरिहरभवन, ललितपुर
C) सिंहदरवार, काठमाडौं
D) कीर्तिपुर, काठमाडौं

12. Milking parlour भन्नाले के बुझिन्छ ?
A) दुध प्रशोधन गर्ने स्थान
B) दुध दुहुने स्थान
C) दुधालु पशु राख्ने स्थान
D) गाई वस्तुको सरसफाई गर्ने स्थान

13. बम्फाङ्ग-बैतडी क्षेत्रमा पाइने गाईको जात कुन हो ?
A) लुलु
B) सिरी
C) अछामी
D) माथिका सबै

14. गर्वर परीक्षणबाट के जाँच गरिन्छ ?
A) चिल्लो पदार्थ
B) ल्याक्टोज
C) पानी
D) खनिज

15. दुधको घृतांश परीक्षण गर्नमा तलकामध्ये के प्रयोग गरिन्छ ?
A) हाईड्रोक्लोरिक एसिड
B) साईट्रीक एसिड
C) नाईट्रीक एसिड
D) सल्फ्यूरिक एसिड

16. पास्चुराईजर टयाङ्कलाई सफा गर्दा कुन केमिकलको प्रयोग गरिन्छ ?
A) कास्टिक सोडा
B) कपर सल्फेट
C) म्याग्नेसियम सल्फेट
D) फिनेल

17. दुध भण्डारणको लागि उपयुक्त तापक्रम कति डिग्री सेल्सियस हो ?
A) ० देखि ४
B) ४ देखि ६
C) ६ देखि ८
D) माथिका सबै

18. दुध प्रशोधन गर्नुको कारण के हो/हुन् ?
A) दुधलाई लामो समय सुरक्षित राख्न
B) दुध तथा दुग्धजन्य पदार्थको मूल्य अभिवृद्धि गर्न
C) दुधमा भएका हानीकारक जीवाणुहरू मार्न
D) माथिका सबै

19. नेपालमा तलकामध्ये कुन दुधको परिकार पाइँदैन ?
A) मोजरेल्ला चिज
B) शवरी
C) सुरविट
D) पुष्टकारी

20. नेपालमा पाइने "कन्चन चीज" कुन दुधबाट बनाइन्छ ?
A) याक
B) चौरी
C) भैसी
D) गाई

21. दुध के कारणले गर्दा सेतो हुन्छ ?
A) केसिन प्रोटिन
B) थियामिन
C) राइबोफ्लेभिन
D) क्यारोटिन

22. दुध फाट्नमा कुन जीबाणुको प्रमुख भूमिका हुन्छ ?
A) भाईरस
B) फंगस्
C) माईक्रोप्लाज्म
D) ब्याक्टेरिया

23. Butter milk भन्नाले के बुझिन्छ ?
A) घिउ
B) मोही
C) प्रशोधित दुध
D) नौनी मिसाएको दुध

24. अक्सिटक्सिन हार्मोनले के कार्य गर्दछ ?
A) गाई भैसीको थुनसम्म दुधलाई पुऱ्याउँदछ
B) भ्रुणको रक्षा गर्दछ
C) पशुको तौल बढाउँदछ
D) पशुको मोल बढाउँदछ

25. निम्नमध्ये कुन जातको गाईमा जुरो हुँदैन ?
A) हरियाना
B) जर्सी
C) गंगोत्री
D) शाहीवाल

contd.....

www.DotNepal.com

26. साधारणतयाः मुर्रा भैसीको दुधमा कति प्रतिशत चिल्लो रहेको हुन्छ ?

A) ३%-४% B) ४%-५% C) ६%-७% D) ८% भन्दा बढी

27. चौरी पालन कति उचाइमा गरिन्छ ?

A) १००० मिटरभन्दा तल B) १००० देखि ३००० मिटरसम्म

C) ३००० देखि ६००० मिटरसम्म D) ६००० मिटरदेखि माथि

28. तल दिइएकामध्ये सबैभन्दा बढी दुध दिने गाईको जात कुन हो ?

A) रेड सिन्धी B) जर्सी C) होलेष्टिन फ्रिजियन D) ब्राउन स्विस

29. लुलु जातको गाई नेपालको कुन जिल्लामा पाइन्छ ?

A) ईलाम B) मुस्ताङ्ग C) बझाङ्ग D) झापा

30. अम्लिय दुधबाट कुन दुग्ध पदार्थ उत्पादन गर्न सकिन्छ ?

A) चिज B) मख्खन C) छुर्पी D) खुवा

31. तल दिइएकामध्ये कुन नेपालको स्थानिय जातको भैसी होइन ?

A) लीमे B) पारकोटे C) थारपारकर D) गड्डी

32. सामान्यतयाः गाईको गर्भावधी कति दिनको हुन्छ ?

A) २३० देखि २४० दिन B) २४० देखि २५० दिन

C) २५० देखि २७० दिन D) २७० देखि २९० दिन

33. 'डिस्टोकिया' भन्नाले के बुझिन्छ ?

A) साल अड्कीने B) बच्चा अड्कीने

C) रगत लगातार बग्ने D) माथिको कुनै होइन

34. गाई भैसीहरूको ग्रीवामा कतिवटासम्म रिङ्गहरू हुन्छन् ?

A) २-३ वटा B) ३-४ वटा C) ४-५ वटा D) ५-६ वटा

35. गाईवस्तुहरूलाई प्रति १०० किलो शारीरिक तौलको लागि कति किलो सुख्खा पदार्थको आवश्यकता पर्दछ ?

A) १.५-२.० के.जी. B) २.०-२.५ के.जी. C) ३ के.जी. D) ३.५ के.जी.

- The End -

www.DotNepal.com